# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

दोश्रो अधिवेशन

बैठक संख्या - १८

## दैनिक कार्यसूची

२०८० जेठ २२ गते, सोमबार

बिहान ११:०० बजे

## (सम्भावित)

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण र कार्यभार तोकिएको सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ

२. माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले वक्तव्य सहित "आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

३. आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ हुने ।

### शोक प्रस्ताव

४. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुने :-

(क) "प्रतिनिधि सभाको यो बैठक, वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालबाट समानुपातिक सदस्यमा निर्वाचित सदस्य श्याम सुन्दर टिवडेवालको हेम्स अस्पताल, धुम्बाराहीमा उपचारको क्रममा मिति २०७९ साल चैत २२ गते बुधबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ र २०५१ सालमा प्रतिनिधि सभा सदस्यमा निर्वाचित, वि.सं. २०६४ सालको संविधान सभा निर्वाचन र वि.सं. २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित सदस्य, पूर्व महिला, बालबालिका तथा समाजकल्याण राज्यमन्त्री, शालिन र सरल नेतृको रुपमा परिचित मीना पाण्डेको ७२ वर्षको उमेरमा मिति २०८० साल जेठ १६ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

पद्म प्रसाद पाण्डेय
प्रतिनिधि सभाको सचिव